साल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ०१/०८१।८२

आज मिति २०८१ साउन २१ गते, नेपाल सम्वत ११४४ गुँलाथ्व १ सोमबारका दिन दिउँसो १:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | (हस्ताक्षर) |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | (हस्ताक्षर) |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | (हस्ताक्षर) |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | (हस्ताक्षर) |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | (हस्ताक्षर) |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री अनिस काफ्ले | सचिव | (हस्ताक्षर) |

अन्य उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | (हस्ताक्षर) |
| २ | श्री निर बहादुर बुढाथोकी | कार्यालय सहयोगी | (हस्ताक्षर) |

प्रमाणित गर्ने। (हस्ताक्षर)

अनिस काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# अनुसुची -१

**प्रस्तावको ढाँचा**

(बुँदा ५.२ संग सम्बन्धित)

**साल्पासिलिछो गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भोजपुर, कोशी प्रदेश, नेपाल**

विषय: बैठकमा प्रश्ताव पेश गरिएको सम्बन्धमा ।

प्रश्ताव पेश गर्न अध्यक्षबाट स्विकृती प्राप्त मिति २०८१।०४।२१ नेपाल संवत ११४४ गुँलाथ्व १ सोमबार

१. मिति २०८१।०४।१ गते र १५ गतेको बाढी पहिरोबाट सिर्जित विपद व्यवस्थापन सम्बन्धमा।
२. विपद प्रभावितहरुको लागि राहत वितरण अनुमोदन सम्बन्धमा ।
३. अबरुद्ध सडक मार्ग सञ्चालन सम्बन्धमा ।
४. योजना माग सम्बन्धमा ।
५. सडक बोर्डको रकम भुक्तानी सम्बन्धमा ।
६. विपद व्यवस्थापन कोषबाट भएको कामको रकम भुक्तानी सम्बन्धमा ।
७. स्वास्थ्य तर्फका करार सेवाका कर्मचारीहरुको तलब सम्बन्धमा ।
८. आ व २०८१। ८२ को स्थानीय दर रेट पारित गर्ने सम्बन्धमा ।
९. रिक्त दरबन्दिमा पदपुर्ती सम्बन्धमा ।
१०. राष्ट्रिय परिचयपत्र कार्यक्रम सम्बन्धमा ।
११. एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।
१२. मध्यकालीन खर्च संरचना पारित गर्ने सम्बन्धमा।
१३. विविध सम्बन्धमा ।

आनिस कापले
प्रमुख प्रशासकीय अधिकृत

सल्पासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौकीडाँडा, भोजपुर

## निर्णय नं १

प्रशताव नं १ माथी छलफल गर्दा मिति २०८१।०४।१५ गते रात्रीको समयमा भएको भारी वर्षाको कारणले वडा नं ६ को थुम्लुङ खोला साथै वडा नं ४ र ५ को विभिन्न खोलाहरुमा आएको बाढी र पहिरोबाट अपर ईर्खुवा हाईड्रोपावरको लागि आरती पावर कम्पनी लिमिटेडमा कार्यरत कामदार बारबर्दिया नगरपालिका वडा नं ६ मगरागडी निवाशी रमेश चौधरी र श्याम चौधरीको खोलाले वगाएर मृत्यू भएको र भौतिक क्षतिको सम्बन्धमा मिति २०८१।०४।१९ गते गाउँपालिका अध्यक्ष ज्यूको संयोजकत्वमा कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री, माननीय लिलाबल्लभ अधिकारी, माननीय राज्य मन्त्री सिर्जना राई, भोजपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लन प्रहरी कार्यालय भोजपुरका प्र. ना. उ., भोजपुर जिल्लाका सशस्त्र प्रहरी नायव उपरिक्षक, षडानन्द नगरपालिकाका मेयर, स्थानीय राजनीतिक दलका प्रतिनिधी ज्यू हरु लगायत स्थानीय नागरिकहरु समेत बाट निरिक्षण अनुगमन भई विस्थापित हरुको लागि तत्काल राहत सामग्री वितरण भएकोमा यस गाउँपालिकाबाट हाल विस्तृत तथ्याङ्क संक्लन कार्य भैरहेको हुँदा उच्च जोखिममा रहेका र विस्थापित परिवारहरुको लागि तत्काल राहत र उद्दार गर्ने र तपशिल क्षतीग्रस्त संरचनाहरुको पुननिर्माणको कार्य गर्न यस गाउँपालिकाको श्रोत र साधनले मात्र असम्भव भएको अवस्था आएको हुँदा क्षतीको विस्तृत विवरण सहित नेपाल सरकारका मन्त्रालयहरु, कोशी प्रदेशका सम्बन्धित मन्त्रालयहरुमा पुननिर्माणको लागि ध्यानाकर्षण र आवस्यक बजेट सहयोग उपलब्ध गराउन माग गर्ने निर्णय गरियो

तपशिल

| सि नं | क्षती भएको संरचनाको विवरण | क्षति भएको स्थान | अनुमानित क्षतिको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | गौडेनी पक्की पुलको दुबै किनारको बेस पुर्ण रुपमा क्षति | साल्पासिलिछो वडा नं १ | रु १ करोड पचास लाख | तत्काल सुचारु गर्नु पर्ने |
| २ | गोथेबजार देखी याक्सा नागदह हुँदै दोभाने ओसेप्ला खाम्दाक सडक खण्ड २० किलोमिटर सडक अधिकांस सडक बगाई लगेको | साल्पासिलिछो वडा नं ४ षडानन्द नगरपालिका वडा नं २ साल्पासिलिछो वडा नं ६ | रु ५ करोड | याक्सा नागदहदेखी दोभाने सम्म नया ट्र्याक खोल्नुपर्ने |

साल्पासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौकीडाँडा, भोजपुर

| | | | | |
|---|---|---|---|---|
| ३ | चौकीडाँडा खाटाम्मा सडकको अधिकांस सडक भत्किएको | वडा नं ३ र ४ | | विद्यमान सडक मर्मत |
| ४ | ईर्खुवा खोला लघु जलविद्यूत आयोजनाको पावर हाउस र ईन्टेक पुर्ण क्षति | वडा नं ३ | रु १ करोड | सहयोग अनुदान उपलब्ध गराउनुपर्ने |
| ५ | दोभाने झोलुङ्गे पुल | वडा नं ६ | | मर्मत गर्नु पर्ने |
| ६ | निर्माणाधिन याक्सा नागदह मोटरेवल पक्की पुल | वडा नं ४ | रु ४० लाख | |
| ९ | थुम्लुङ् ओसेप्ला बारुले झोलुङ्गे पुल जिप बगाएको | वडा नं ६ | | संरक्षण गर्नु पर्ने |
| १० | निर्माणाधिन तावुटार मोटरेवल पक्की पुलको स्ल्याब सरेको | वडा न ३ | | संरक्षण वा पुननिर्माण गर्नुपर्ने |
| ११ | दोभाने फेदी सडक खण्डको ५ कि मी सडकमा क्षति | वडा नं ५ र ६ | रु १ करोड | सडक मर्मत गर्नुपर्ने |
| १२ | भमला ढाँडगाउँ ट्रस पुलको दुबै किनारामा पुर्ण क्षति | वडा नं ६ | रु १० लाख | |
| १३ | नागदह झोलुङ्गे पुल | वडा नं ४ | | संरक्षण गर्नुपर्ने |
| १४ | गोथेबजार झोलुङ्गे पुलको षडानन्द नगरपालिका तर्फको जीपमा क्षति भएको | वडा नं ४ | | संरक्षण |

६ नं वडाको खानेपानी पाईपलाईन वितरण तर्फ भएको तपशिल पाईपलाईन पुनर्स्थापनाको लागि विपद व्यवस्थापन कोषबाट प्राविधिक ईस्टिमेट बमोजिम पाईप खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो

तपशिल

| सि नं | क्षति भएको पाईपलाईनको विवरण |
|---|---|
| १ | ३२ एम एम को ५०० मीटर |
| २ | २५ एम एम को १५० मीटर |
| ३ | ५० एम एम को ५०० मीटर |
| ४ | ४० एम एम को १०० मीटर |

प्रमाणित!
अनिल कापले

सालपासिलिछो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडीडाँडा, भोजपुर

६ नं वडाको कुलो सिंचाई आयोजनाहरुको अनुमानित क्षति रु ५००००००। पचास लाख रुपैया मात्रको सम्बन्धित वडा कार्यालयको सिफारिस र प्रहरी सरजमिन मुचुल्काका वमोजिम पुनर्निर्माणको लागि उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयमा पठाउने निर्णय गरियो ।साथै बाढी पहिरो प्रभावित वडाहरुमा भएको घर आवास तथा बालीनालीको क्षतिको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस र प्रहरी सरजमिन मुचुल्काकाको आधारमा सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं २

प्रश्ताव नं २ माथी छलफल गर्दा मिति २०८१।०४।१५ को बाढी तथा पहिरोबाट विस्थापित भएका घरपरिवारहरुको सम्बन्धमा मिति २०८१।०४।१६ गते ४ नं वडाका वडा अध्यक्ष ज्यूको संयोजकत्वमा भएको स्थलगत निरिक्षणबाट देखिएको विस्थापित तथा जोखिममा रहेका थप तपशिल परिवारहरुको लागि तत्कालै वितरण गरिएको राहत अनुमोदन गर्ने र सो को भुक्तानी यस गाउँपालिकाको विपद व्यबस्थाप कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | घरमुलीको नाम | ठेगाना | विस्थापित परिवार संख्या | राहत सामग्री |
|---|---|---|---|---|
| १ | निर्मला राई | वडा नं ४ | | चामल २ बोरा दाल ५ के जी नुन १ के जी खाने तेल ५ पाउच साबुन ५ गोटा प्रति परिवार |
| २ | भक्तराज राई | वडा नं ४ | | |
| ३ | धन कुमार राई | वडा नं ४ | | |
| ४ | सिता राई | वडा नं ४ | | |
| ५ | तेज बहादुर घले | वडा नं ३ | | |
| ६ | प्रिती बहादुर राई | वडा नं ५ | | |
| ७ | अमर बहादुर राई | वडा नं ४ | | |
| ८ | राहुल राई | वडा नं ४ | | |

निर्णय नं ३

प्रश्ताव नं ३ माथी छलफल गर्दा मिति २०८१।०४।१५ गते रात्रीको बाढी तथा पहिरोको कारणले यस गाउँपालिका वडा नं १ को गौडेनीमा रहेको पक्की पुलको दुबै किनारा बगाई लगेको हुँदा थप

प्रमाणित।

प्रमाणित :

क्षती हुन नदिन तथा सवारी आवागमन सञ्चालन गर्नको लागि गौडेनी लुकुवा सामुदायिक वन साल्पासिलिछो १ को सामुदायिक बन उपभोक्ता समिति लाई उक्त सामुदायिक वनमा रहेका ढला पडा सखुवा रुखहरु र नपुग भए आवस्यक संख्यामा कटान गरि गौडेनी पुलको दुबै तर्फ पुल लगाउनको लागि सखुवा रुखहरु निशुल्क उपलब्ध गराईदिनको लागि अनुरोध गर्ने निर्णय गरियो र तत्कालै उक्त अस्थायी पुल निर्माणको लागि रुख कटानको आवस्यक अनुमति र प्रकृयाको लागि डिभिजन वन कार्यालय दिङ्लामा अनुरोध गर्ने निर्णय गरियो । अस्थायी पुल निर्माण कार्य गर्नको लागि १ र २ नं वडा कार्यालयको संयोजकत्वमा निशुल्क जनश्रमदान जुटाईदिन स्थानीय यातायात व्यवसायी प्रा. लि. र स्थानीय उपभोक्ता हरुलाई अनुरोध गर्ने निर्णय गरियो ।साथै वडा नं ४ को याक्सा नागदह पुल देखी दोभाने हुदै ओसेप्ला सडक खण्डमा अधिकांस सडक बाढी र पहिरोले बगाई लगेको हुँदा षडानन्द नगरपालिका वडा नं २ को क्षेत्रका जग्गाधनीहरु, सामुदायिक वन उपभोक्ता समुह हरु र षडानन्द नगरपालिका वडा नं २ संग आवस्यक छलफल र समन्वय गरि सडक निर्माण निर्माणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रश्ताव नं ३ माथी छलफल गर्दा यस गाउँपालिकाको मुख्य सडक मार्ग गौडेनी देखी कुलुङ हुँदै वडा नं ५ को फेदी सम्म डि पी आर बमोजिम निर्माण तथा स्तरोन्नतीको लागि सडक डिभिजन तुम्लिङ्टार मार्फत योजना माग गरि पठाउने निर्णय गरियो ।

निर्णय नं ५

प्रश्ताव नं ५ माथी छलफल गर्दा आ व ०८०।८१ मा यस गाउँपालिका र सडक बोर्ड नेपालको साझेदारीमा ठेक्का मार्फत निर्माण सम्झौता भई कार्यान्वयन भएको कुलुङ देखी गोथेबजार सम्मको सडक स्तरोन्नती कार्य सम्पन्न भएको हुँदा नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रश्ताव नं ६ माथी छलफल गर्दा आ व ०८०।८१ को आषाढबाट विपद व्यबस्थापन कोषबाट यस गाउँपालिकाको वडा नं १ र २ को वडा कार्यालयको सिमानामा निर्माण भएको कजवे निर्माण कार्य सम्पन्न भएको हुँदा नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो । साथै वडा नं ३ को ककुवा देखी गाउँकार्यापालिकाको कार्यालय सम्म सडक सञ्चालनको लागि मिक्स गिटी लगाएको कार्यको प्राविधिक ईस्टिमेट र मुल्याङ्कन बमोजिम विपद व्यबस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमाणित : 

निर्णय नं ७

प्रशताव नं ७ माथी छलफल गर्दा स्वास्थ्य शाखाबाट पछिल्लो समयमा नियुक्त करार सेवाका कर्मचारीहरुको नेपाल सरकारबाट निर्धारित तलब सुविधाको लागि माग भएकोमा सो सम्वन्धमा दरबन्दीको अवस्था र नेपाल सरकारबाट प्राप्त हुने तलब भत्ताको अध्ययन गरि आगामि कार्यपालिका बैठकबाट निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रशताव नं ८ माथी छलफल गर्दा आ व ०८१। ८२ को लागि यस गाउँपालिकामा कार्यान्वयन हुने गरि भोजपुर जिल्ला बाट पारित दर रेट तथा मोरङ्ग जिल्ला दररेटको आधारमा प्राविधिक शाखा बाट पेश भएको साल्पासिलिछो गाउँपालिकाको स्थानीय दर रेट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रशताव नं ९ माथी छलफल गर्दा यस कार्यालयको रिक्त रहेको तपशिल पदहरुमा सेवा करारमा नियुक्तीको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | रिक्त पद | संख्या | सेवा करारमा विज्ञापन गर्ने संख्या |
|---|---|---|---|
| १ | कृषि स्नातक अधिकृत सातौ तह | १ | १ एक |
| २ | असिस्टेन्ट सब ईन्जिनियर सहायक चौथो तह | ३ | २ तीन |
| ३ | ना प्रा स कृषि प्रसार सहायक चौथो तह | ४ | ३ |
| ४ | कम्प्यूटर अपरेटर सहायक पाँचौ तह | १ | १ |
| ५ | प्रा स पशु प्राविधिक सहायक पाँचौ तह | १ | १ |
| ६ | ना प्रा स लापोडेडे सहायक चौथो तह | ३ | २ |
| ७ | हेल्थ असिस्टेन्ट | ३ | १ |
| ८ | अ हे व सहायक चौथो तह | १ | १ |
| ९ | उद्यम विकास सहजकर्ता | २ | १ |

निर्णय नं १०

प्रश्ताव नं १० माथी छलफल गर्दा नेपाल सरकारबाट सामाजिक सुरक्षा लाभग्राहीहरुको लागि आगामी माघ महिनाबाट राष्ट्रीय परिचय पत्र अनिवार्य गरिएको हुँदा यस गाउँपालिकामा राष्ट्रिय परिचयत्र सम्बन्धि काम गर्ने गरि १ जना तालिम प्राप्त कर्मचारी दरवन्दि सहित र आवस्यक उपकरणहरु राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गर्ने निर्णय गरियो ।साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट कर्मचारीको तलब सुविधा उपलब्ध नगराईएसम्म यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रश्ताव नं ११ माथी छलफल गर्दा यस गाउँपालिका बाट विशेषज्ञ स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको र हाल सम्म यस गाउँपालिकाका सबै वडामा सडक पहुँच पुगीसकेको हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिम सञ्चालन हुने गरि १ थान एम्बुलेन्स आवस्यक रहेको हुँदा जिल्ला एम्बुलेन्स व्यबस्थापन समिति मार्फत सम्बन्धित निकायहरु समेतको सिफारिस अनुसार यस गाउँपालिकामा कार्यान्वयनमा रहेका जलविद्यूत उत्पादक कम्पनीहरु र अन्य दातृ निकायहरु संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं १२

प्रश्ताव नं १२ माथी छलफल गर्दा यस गाउँपालिकाको अनुरोधमा DZI Foundation Nepal को प्राविधिक परामर्शमा निर्माण भएको गाउँपालिकाको मध्यकालिन खर्च संरचना पारित गर्ने निर्णय गरियो ।